# माछापुच्छ्रे गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ०६ संख्याः १२ मितिः २०७९।१०।१७

**भाग-१**

सम्बत् २०७९ सालको नियमावली नं. २

## माछापुच्छ्रे गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८

## (पहिलो संशोधन २०७९)

**प्रस्तावनाः** माछापुच्छ्रे गाउँपालिकामा सार्वजनिक खरिद सम्बन्धी कार्यविधि प्रक्रिया तथा निर्णयलाई अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउन बनेको माछापुच्छ्रे गाउँपालिकाको सार्वजनिक खरिद नियमावली,२०७८ संशोधन गर्न बाञ्छनीय भएकोले, माछापुच्छ्रे गाउँपालिका प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोगगरी माछापुच्छ्रे गाउँपालिकाको गाउँसभाले मूल नियमावलीमा देहाय बमोजिमको संशोधन गरेको छ ।

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

| क्र.सं. | दफा नं. | हालको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | परिच्छेद — ५ नियम ३२ उपनियम (१) | बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेः गाउँपालिकाले बीसलाख रुपैंयाभन्दा बढीको मालसामान, सेवा, वा कुनै निर्माण कार्य गराउँदा बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्नेछ । | बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेः सार्बजनिक खरिद ऐन, २०६३ र सार्बजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ । | संघिय खरिद ऐनसँग बाझिने भएकोले । |
| २. | नियम १०७ | उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यबिधी | उपभोक्ता समितिबाट काम गराउने कार्यबिधी | लाभग्राही समुदायवाट ५ करोड सम्म लागत अनुमान भएको खरिद गरिनु पर्ने व्यवस्थाको कारण (११ औ संसोधन) |
| ३. | नियम १५७ को उपनियम १ | मुल्याङकन समितिको गठनमा १(घ) मा कानुन अधिकृत सदस्य रहने । | मुल्याङकन समितिको गठनमा १(घ) मा प्रशासन शाखा प्रमुख सदस्य रहने । | कार्यालयमा कानुन अधिकृतको दरबन्दी नभएकोले । |
| ४. | नियम १६३ | यस अघि गाउँपालिकाले प्रचलित कानुन बमोजिम गरेका खरिद सम्बन्धी काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ । | यस अघि गाउँपालिकाले प्रचलित कानुन बमोजिम गरेका खरिद सम्बन्धी काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ । संघिय कानुन सँग बाझिएको हदमा संघिय ऐन, नियमावली बमोजिमनै गरिएको मानिनेछ । | थप गर्नुपर्ने भएकोले । |

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

**आज्ञाले,**

**बेदहरि अधिकारी**

**प्रमुख प्रशासकीय अधिकृत**

मूल्यः रु. २०।-

प्रकाशकः

माछापुच्छ्रे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लाहाचोक, कास्की